## कर्मचारी तथा तलवी स्वयंसेवक आवश्यकता सम्बन्धी सूचना
**(प्रकाशित मिति २०७६ आषाढ १७ गते)**

सामाजिक चेतना तथा विकास संघ (साडा) बैतडी २०५३ सालमा दर्ता भई सामाजिक परिचालन, दिगो जिविकोपार्जन, सुशासन, विद्यार्थीको शैक्षिक स्तर सुधार, स्वास्थ्य सरसफाई, पोषण, विपद व्यवस्थापन तथा न्युनिकरण, क्षमता विकास र महिला सशक्तिकरण तथा सामाजिक न्यायको क्षेत्रमा काम गरिरहेको एक गैर सरकारी हो । अक्सफामको आर्थिक तथा प्राविधिक सहयोगमा बैतडी जिल्लाको पुर्चौडी नगरपालीका वार्ड नं. ५, डिलासैनी गाउँपालीका वार्ड नं. ३ र दोगडाकेदार वार्ड नं १ मा यस संस्था मार्फत Creating Spaces to Take Action on Violence Against Women and Girls कार्यक्रम संचालन हुन गई रहकोछ ।

यस कार्यकमका लागि बिभिन्न तहहरुमा दक्ष कर्मचारी तथा तलवी स्वयंसेवकहरुको आवश्यकता परेको हुंदा आवेदन पेश गरेको अन्तिम दिन सम्म २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको र तपशिलको अनुभव र योग्यता पुगेका कर्मचारीहरुको आवश्यकता भएकोले ईच्छुक उम्मेदवारहरुवाट बायोडाटा, शैक्षिक योग्यताको प्रमाणपत्र, नागरिकता, तालिम तथा कार्य अनुभवका प्रमाणपत्रहरु सहितको आवेदन मिति २०७६ आषाढ २३ गते वेलुका ४ वजेसम्म यस संस्थाको कार्यालयमा पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**१. पद : कार्यकम संयोजक (महिला मात्र)** **संख्याः १ जना**

**आवश्यक न्यूनतम शैक्षिक योग्यता र अनुभव**

- मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा स्नात्तक तह वा सो सरह उतिर्ण भई कार्यक्रम व्यवस्थापन, सामाजिक परिचालन, जीविकोपार्जन प्रबर्द्धन, लैङ्गीक मुलप्रवाहिकरण, सामाजिक न्याय र महिला तथा किशोरीहरुको पैरवी तथा वकालतको क्षेत्रमा कम्तिमा २ देखि ३ वर्ष कार्य अनुभव भएको
- समन्वय तथा व्यवस्थापन सम्बन्धि अनुभव तथा क्षमता भएको,
- तथ्यांक र सूचनाहरुको विश्लेषण गर्न सक्ने,
- तालीम, अन्तक्रिया, छलफल संचालन गर्न तथा परामर्श दिन सक्ने,
- अंग्रेजी र नेपाली दुबै भाषामा विश्लेषणात्कम प्रतिवेदन लेखन गर्न सक्ने क्षमता भएको,
- कम्प्युटर सम्वन्धी राम्रो ज्ञान भएको (Word, Excel, Power Point, and other applications)

**२. पदः फिल्ड सुपरभाईजर/तथ्याङ्क अधिकृत (महिला वा पुरुष)** **संख्याः १ जना**

**आवश्यक न्यूनतम शैक्षिक योग्यता र अनुभवः**

- मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा स्नात्तक तह वा सो सरह अध्यनमा रहेको । कार्यक्रम व्यवस्थापन, सामाजिक परिचालन, , लैङ्गीक मुलप्रवाहिकरण, सामाजिक न्याय र महिला तथा किशोरीहरुको पैरवी तथा वकालतको क्षेत्रमा कम्तिमा २ वर्ष कार्य अनुभव भएको
- तालीम, गोष्ठी, छलफल संचालन गर्ने तथा परामर्श दिने सीप भएको,
- पैरवी, सम्पर्क तथा समन्वय सम्बन्धि अनुभव तथा क्षमता भएको,
- तथ्याङ्क सम्वन्धि काम गरेको
- स्थानीय तथ्यांक र सूचनाहरुको विश्लेषण गरी प्रतिवेदन बनाउन सक्ने,

**३ लेखा अधिकृत (महिला मात्र)** **संख्याः १ जना**

**आवश्यक न्यूनतम शैक्षिक योग्यता र अनुभव**

- मान्यता प्राप्त शिक्षण संस्थावाट व्यवस्थापन विषयमा स्नातक तह उत्तीर्ण गरेको ।
- लेखा व्यवस्थापनमा कम्तीमा २ वर्षको अनुभव भएको ।
- MS Office, Internet, Email सम्वन्धी राम्रो ज्ञान भएको ।

Social Awareness & Development Association SADA, 2053

**मुख्य जिम्मेवारी**

- परियोजनाको सम्पुर्ण आर्थिक ब्यवस्थापन गर्ने ।
- परियोजनाको वजेट तयारी तथा समायोजनमा सहयोग गर्ने ।
- बैंकसित आवस्यक सम्पर्क तथा नियमित हिसाव मिलान विवरण तयार गर्ने ।
- कर्मचारीको पेश्की तथा अन्य लेखा खाता हिसाव मिलान गर्ने ।
- परियोजना कर्मचारीहरुको ब्यक्तिगत फाईल अध्यावधिक गर्ने तथा मासीक तथा बार्षिक तलव बिवरण तयार गर्ने ।
- नियमित रुपमा आर्थिक विवरण तयार गरि परियोजना संयोजक तथा निर्देशकलाई आवस्यक जानकारी गराउने ।
- फिल्ड कर्मचारीलाई लेखा ब्यवस्थापन सम्बन्धी तालिम तथा अभिमुखीकरण गराउने ।
- खरिद समितिको सदस्यको रुपमा आपुर्तीकर्ता छनौट गर्न सहयोग गर्ने ।
- कर्मचारी नियुक्ती पत्र तथा अन्य सेवा करारपत्र तयार गर्न सहयोग गर्ने ।
- जिन्सि किताव तथा भौतीक समपरिक्षण गर्ने र आवश्यकता अनुसार प्रशासनिक कार्यमा सहयोग गर्ने ।
- मासिक आर्थिक प्रतीवेदन तयार गरि स्वीकृत प्रतिवेदन सम्वन्धीत दातृ निकायमा पेश गर्ने ।
- परियोजना तथा संस्थाको लेखा परिक्षण कार्यमा सम्मन्वयकारी भूमिका निर्वाह गने ।
- संस्थाले प्रत्यायोजन गरेका अन्य कार्यहरु गर्ने । गराउने ।

**४. पदः सामाजिक परिचालक (कार्यक्रम संचालन गरिने वार्ड भित्रका वासिन्दा स्थानीय महिला मात्र) संख्याः २ जना**

**आवश्यक न्यूनतम शैक्षिक योग्यता तथा अनुभवः**

पुर्चौडी नगरपालीकाको वार्ड नं. ५, डिलासैनी गाउँपालीका वार्ड नं. ३ र दोगडाकेदार वार्ड नं. १ बाट स्थानीय वार्डवासि महिलामात्र छनौट गरिने छ । सामाजिक परिचालनको क्षेत्रमा राम्रो ज्ञान, शिप र क्षमता प्रदर्शन गर्न सक्नेलाई ग्राह्यता दिईनेछ । (

- मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा प्रविणता प्रमाण पत्र तह वा सो सरह उतिर्ण भई सामाजिक परिचालन, जीविकोपार्जन प्रबर्द्धन, लैङ्गीक मुलप्रवाहिकरण, सामाजिक न्याय र महिला तथा किशोरीहरुको पैरवी तथा वकालतको क्षेत्रमा कम्तिमा १ वर्ष कार्य अनुभव भएको
- वडा स्तरका तालीम, गोष्ठी, छलफल संचालन गर्ने तथा परामर्श दिने सीप भएको,
- पैरवी, सम्पर्क तथा समन्वय सम्बन्धि अनुभव तथा क्षमता भएको
- स्थानीय तथ्यांक र सूचनाहरुको विश्लेषण गरी प्रतिवेदन बनाउन सक्न

**५. पदः तलवी स्वयंसेवक (स्थानीय महिला मात्र)** **संख्याः २७ जना**

**आवश्यक न्यूनतम शैक्षिक योग्यता तथा अनुभवः** कम्तीमा यस.यल.सि. वा सो सरह (प्रविणता प्रमाणपत्र तह उर्तीणलाई ग्राह्यता) योग्यता भई स्थानीय समुदायमा राम्रोसंग घुलमिल हुन सक्ने र महिलाहरुलाई सशक्तिकरणमा सघाउन सक्ने क्षमता भएकोलाई ग्राह्यता दिईनेछ । पुर्चौडी नगरपालीका वार्ड नं. ५, डिलासैनी गाउँपालीका वार्ड नं. ३ र दोगडाकेदार गाउँपालीका वार्ड नं. १ (साविकको कुवाकोट, रुद्रेश्वर र रिम गा.वि.स.हरु अन्तरगतका साविकको वार्डहरु (१ देखि ९) सम्मका प्रत्येक वार्डहरुबाट १।१ जनाको दरले जम्मा २७ जना)

**पारिश्रमिक तथा सुविधाहरुः कार्यक्रममा भएको ब्यवस्था र संस्थाको नियमानुसार हुनेछन ।**

| | |
|---|---|
| परिक्षाको किसिमः | लिखित र मौखिक अन्तरवार्ता । |
| सम्पर्क मितिः | २०७६ आषाढ २४ गते कार्यालय समय भित्र फोन गरेर लिन सकिने छ । |
| आवेदन दिने स्थानः | सामाजिक चेतना तथा विकास संघ (साडा), छेला, बैतडी । |
| फोन नं.: | ०९५ ५२०३९५, |

उम्मेदवारको योग्यता तथा छनौट सम्बन्धी अन्य प्रकृया र नतिजाको अन्तीम निर्णय गर्ने अधिकार संस्थामा निहित रहने छ ।

Social Awareness & Development Association 2053 SADA, Baitadi

पदपुर्ती समिति,
साडा बैतडी